# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ७ २०८० जेठ १७ बुधबार




सम्पादकीय

## गणतन्त्र दिवसको शुभकामना

हामी अहिले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका नागरिक हौं। देशमा गणतन्त्र आएको १५ वर्ष भइसकेको छ। यही जेठ १५ गते भूमे गाउँपालिकाले औपचारिक रुपमा विविध कार्यक्रमको आयोजना गरी गणतन्त्र दिवस मनाएको छ। सर्वप्रथम गणतन्त्र दिवसको अवसरमा समस्त भूमे गाउँपालिकाबासी लगायत नेपाली दिदीबहिनी दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र प्रगतिको शुभकामना व्यक्त गर्दछौं।

हामीले गणतन्त्रको प्राप्तिसँगै अभिव्यक्ति स्वतन्त्रता पाएका छौं। संघीयता, समानुपातिक/समावेशी शासन प्रणाली र धर्म निरपेक्षता जस्ता अधिकार हामीलाई प्राप्त छ। हिजो राजाका विरुद्ध बोल्नेबित्तिकै जेलका चिसा छिडीमा सडेर मर्नु पर्दथ्यो। राजासँग आँखा जुधाएर कसैले बोल्न पाउँदैनथ्यो। त्यहीं राजाको छोरा राजा हुने प्रचलन थियो। साढे दुई सय वर्षदेखि चलिआएको सामन्ती राजतन्त्रको अन्त्यसँगै हामीले नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रता प्राप्त गरेका हौं। अहिले जनताले छानेका प्रतिनिधिले देशको अभिभावक राष्ट्रपति चुन्न पाउँछन्। जनप्रतिनिधिहरुको संस्था संघीय संसदले सार्वभौम नेपाली जनताको प्रतिनिधित्व गर्दै राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्म चुन्ने अधिकार राख्दछ। यो सबै अधिकार गणतान्त्रिक व्यवस्थाका कारण सम्भव भएको छ।

नेपालमा गणतन्त्र त्यसै आएको होइन। यसका लागि ठूलो बलिदान, संघर्ष र आन्दोलनहरु भएका छन्। ऐतिहासिक जनयुद्ध, जनआन्दोलन र विविध जनपक्षीय संघर्षहरुको बलमा नेपालमा सदाका लागि राजतन्त्रको अन्त्य भई गणतन्त्र स्थापना भएको हो। गणतन्त्र स्थापनाका लागि हाम्रो भूमे गाउँपालिकाबाट पनि दर्जनौं योद्धाहरुले आफ्नो जीवनको बलिदानी दिनुभएको छ। गणतन्त्र दिवसको सन्दर्भमा गणतन्त्र प्राप्तिका लागि लड्दालड्दै जीवन गुमाउनु हुने महान सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। संघर्षका दौरान घाइते भई अपाङ्गता बन्नुभएका योद्धाहरु र बेपत्ता योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछौं। गणतन्त्र प्राप्तिका लागि परिवर्तनको महाअभियानमा लामबद्ध सबैको योगदानको कदर गर्दै गणतन्त्र दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछौं।


प्रकाशक

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# परिवर्तनको संघारमा हिमाली वास्तु



❖ **महेश केसी**

ढुंगैढुंगाको फुक्का गारो, बीच बीचमा काठ, अनि कमेरो माटोलाई पिटेर बनाइएका बलिया छतसहितका दुई धारे मौलिक घर। भुइँतलामा पशु-चौपाया, पहिलो तलामा आवास अनि छतमा मकै राखिएका धोक्राहरू। यस्तै मौलिक शैलीका एकनासे घर छन् हिमाली जिल्ला पूर्वी रुकुमको भुमे र पुथा उत्तरगंगा गाउँपालिकाका अधिकांश बस्तीमा।

पुथा उत्तरगंगा-१ मैकोटका ८० वर्षीय बद्री पुनले ७० वर्षअघि बनाएको आफ्नो घरको कोठाचोटा देखाउँदै त्यसबारे बताउन थाले। गाईबस्तु बाँध्ने भुइँतला, जसलाई मगरखाम भाषामा अर्बु, पहिलो तलालाई अर्मीबास र छतलाई गगला भनिने उनले बताए। गगलामा राखिएको भकारी देखाउँदै भने, 'यो हाम्रो भाषामा धोक्रो हो। यसमा बर्खे खेती खासगरी मकै राखिन्छ। असोजमा भित्र्याएका पुसदेखि निकाल्न सुरु गरिन्छ। जुन वैशाखसम्म सकिन्छ ।

बाबुले घर बनाउन लगाउँदा बद्री १० वर्षका थिए। २०१८ सालतिर निर्माण गरेको घर अहिले पनि भर्खर बनाएको जस्तै लाग्ने गरेको बताउँदै उनले भने, "बा-आमाले यही घरमा आफ्ना लागि

सपना देखे, हाम्रा लागि भविष्यको योजना बुने। उनीहरू बितेर गए तर, घर अहिले पनि उस्तै छ।” पुनले परम्परागत शैलीका यस्ता घरको आयु सय वर्षसम्म हुने बताए। मैकोटमा बद्रीको जस्तै दशकौं पुराना मौलिक शैलीका घरहरू प्रशस्तै छन्। स्थानीयले थारे घर बताउने माटे गारोले, आधा ढुंगाको छानो र आधा माटोका छत भएका यस्ता मौलिक घरहरू पुथा उत्तरगंगाको तक, सेरा, कोल र राङसी तथा भुमेको काँक्री, लुकुम, खाबाङ, महत, मोरबाङ लगायतका स्थानमा अझै पनि देख्न सकिन्छ।



एकै प्रकारको बनोट भएका घर र त्यसमाथि राखिएका भकारीले यहाँका गाउँहरू पृथक देखिन्छन्। महतकी वीरमाया बुढाले भनिन्, “हाम्रा घरमा चाहिँ ढुंगामाटोको गारो लगाएर उठाउने, अनि अगाडिको भागमा छत राखेर पछाडिको भागलाई अरू एक तला उठाएर ढुंगाको छानो हाल्छौं। तर यस्ता घरहरूको छतमा पनि भकारी भने सबैकहाँ हुन्छ।”

पुथा उत्तरगंगा-२ पेल्माका कमल सिर्पालीले गाउँ नजिकै रहेका खानीबाट ढुंगा ल्याएर सल्लाको काठ राखी घर बनाउने गरेको बताए। “छत बनाउदा मूल काठ राखेपछि चिर्पट फिँजारेर माटो राखिन्छ, अनि माथिमाथि कमेरे माटो राखेर काठको मुंग्राले पिटेर बलियो छत तयार गरिन्छ।” यसरी बनाइएको छत वर्षौं टिकाउ हुन्छ। जाडोमा न्यानो र गर्मीमा शीतल हुन्छ। उनले थपे, “दुई-तीन पुस्ता टिक्ने यी घर नै हाम्रा सम्पत्ति हुन्।”

पेल्माका डकर्मी बलमान पुनले चिटिक्क देखिने यस्ता मौलिक घरहरू आकार हेरेर ८ लाखसम्मको खर्चमा बन्ने बताउँछन्। उनले भने, “तर अब त पहिले जस्तो काठ प्रशस्त पाइँदैन। ज्याला पनि महँगो छ। यसकारण खर्च पनि बढेको छ।” उनका अनुसार एक दशकयता घर बनाउने खर्च लगभग दोब्बर नै भएको छ। चाहिने ढुंगामाटो र काठपातको पनि अभाव हुने थालेकाले यस भेगका बासिन्दाले नयाँ शैलीका घर बनाउन थालेका छन्। छतमा जस्तापाता हाल्न सजिलो मानेका छन्। पुथा उत्तरगंगा-४ अर्जलका वडाध्यक्ष सुरबहादुर विकले आम्दानी घट्दो र खर्च बढ्दो भएका कारण नयाँ घर बन्ने क्रम नै केही समययता घटेको बताए।


घर निर्माणको मौलिक शैली पूर्वी रुकुमको ग्रामीण जीवनको फरक विशेषताका रूपमा छ। तर, अब बिस्तारै पुराना शैलीका बासहरू बन्न घट्दा पाका पुस्ता चिन्ता गर्छन्। पुराना शैलीका घर बनाउन सिपालु सिकर्मी-डकर्मीका नयाँ पुस्ता सीप हस्तान्तरण हुन नसक्दा पनि घरका स्वरूपमा प्रभाव परेको छ। भुमे-५ की भारती नेपालीले मौलिक सीप पुस्तान्तरण हुन नसक्दा शैली फेरिँदै जान थालेको बताइन्। उनले भनिन्, "पुराना शैलीका घर बनाउने मिस्त्री सजिलै पाउन गाह्रो छ। धेरैजसो वृद्ध भइसके, नयाँले सिक्न चाहेनन्।"


मैकोटका विष्णु पुन मौलिक स्वरूप मासिने चिन्ताले एक दशकअघि गाउँमा जस्तापाताको प्रयोगलाई निरुत्साहित गर्न गरेको प्रयास गरेको बताउँछन्। स्थानीय सरकार आएपछि यस्तो प्रयासले निरन्तरता पाउन नसकेको उनको गुनासो छ। "हाम्रा गाउँघर पुग्ने नौला मान्छेलाई लोभ्याउने भनेका हाम्रा यी घरका बनोटको शैली हुन्। तर अहिले त टिन, इँटा र सिमेन्टको प्रयोग हुन थाल्यो," उनले भने, "सरकारले बेलैमा संरक्षणका योजना नबनाउने हो भने पुराना घरहरूको निसाना मात्रै बाँकी रहलान् जस्तो लाग्छ।" मौलिकको साटो नयाँ शैली अपनाउँदा के खर्च भन्दा पनि छिटो हुने भएकाले पुराना पाराका घर बनाउने क्रम घटेको उनले बताए।

गाउँबाट श्रमशक्ति पलायन हुने क्रम बढ्यो। कम खर्चमा घर बन्ने उपाय खोज्दा छानोमा टिनको प्रयोग बढेको मैकोटका भरतकुमार पुन बताउँछन्। मौलिक शैलीका घर बनाउन स्थानीय सरकारले प्रोत्साहन गर्नुपर्ने उनको तर्क छ। 'संरक्षण गर्ने भनेर मात्रै हुँदैन। सर्वसाधारणले त जे सहज हुन्छ त्यही नै गर्छन्,' उनी भन्छन्।

हिमाली भेगका परम्परागत घर निर्माणको शैली वातावरणीय दृष्टिले आफैंमा वैज्ञानिक पाराका रहिआएका हुन्। घरको पहिलो तल्ला अर्थात् अर्मिबासमा परिवारका लागि भान्सा र बास बस्ने ठाउँ हुन्छ।

मैकोटका वीरेन्द्र बुढाले संयुक्त परिवारमा सबै सदस्यले एकै तलामा खाने र अँगेना छेउछाउमै लहरै लागेर सुत्ने परम्परा रहेको बताए। बिस्तारै परिवार टुक्रिएर संयुक्तबाट एकात्मक हुन थाल्यो। ठूलो परिवारमा पनि आधुनिकताको प्रभावसँगै सदस्यहरू छुट्टाछुट्टै कोठा प्रयोग थाले, जसका लागि धेरै कोठा भएका सजिला घरको खाँचो भयो। त्यसले पनि परम्पपरात घरको आन्तरिक संरचनामा तलमाथि हुन थालेको उनको बुझाइ छ। "स-परिवार सँगै खान-बस्न पछिल्लो पुस्तालाई असहज हुन थालेपछि कोठा-कोठा





बनाउन थालियो," उनले भने, "भित्र कोठा बनाएर पनि त मौलिक शैलीमै घर बनाउन सकिन्छ।" एक दशकयता सडकको पहुँच बढेसँगै घर निर्माणको शैलीमा असर पर्न थालेको पर्यटन अभियन्ता लजिम पुन बताउँछन्। "सजिलो पनि भयो। कहाँ माटो खाजेर धारे बनाउनु भन्ने भएरै टिनको प्रयोग थालेको जस्तो लाग्छ," उनले भने। गाउँघरमा पहिले जस्तो घर बनाउन ढुंगा पाउन मुस्किल हुन थाल्यो। स्थानीयले बजारमा पाइने निर्माण सामग्री प्रयोग गरेर छिटो-छिटो घर बनाउन थालेको उनले बताए।

यहाँका गाउँको अर्को विशेषता अधिकांश घरहरू एक-अर्कासँग जोडिएका हुन्छन्। जसले गर्दा एउटा घरको छत अर्को घरको आँगन हुन्छ। मैकोटका युवा कर्मसही घर्तीले टाढाबाट हेर्दा सुन्दर देखिए पनि गाउँभित्र पस्दा भने नयाँ मान्छेलाई केही अनौठो लाग्ने गरेको उनले बताए। 'तर गाउँको परम्परागत यस्ता संरचनामा पनि बिस्तारै बदलाव आइरहेको छ,' उनले भने। नयाँ पुस्ता नयाँ तरिकाले घर बनाएर बस्न चाहनु स्वाभाविक भएकाले मौलिकता कसरी बचाउन सकिन्छ भन्ने चुनौती थपिएको उनले बताए। "मौलिक घरको आर्किटेक्ट बचाउँदै यसलाई समयानुकूल बनाउनु पर्छ," उनी भन्छन्।

गाउँघरको मौलिकता बचाउने विषयमा आफूहरू चिन्तित भएको र त्यसका लागि ठोस योजना बनाउने पुथाउत्तरगंगा गाउँपालिका अध्यक्ष पुणिराज घर्तीले बताए। "मौलिक शैलीका घरहरूको संरक्षण गरेर पर्यटकीय आकर्षण कायम राख्नुपर्छ भन्नेमा हामी दृढ छौं। के गर्न सकिन्छ, हामी योजना बनाएर कार्यान्वयनमा लैजान्छौं।"

*कान्तिपुर दैनिकबाट*

# महिलाहरुको क्षमता विकास सम्बन्धी तालिम

भूमे गाउँपालिका वडा नम्बर ३ सिमामा महिलाहरुको क्षमता विकासका सम्बन्धी एक दिने तालिम सम्पन्न भएको छ। सिमा, झुम्लाबाङ, मोराबाङ र क्याङ्सीका ६५ जना महिला सहभागी तालिममा लैगिंक विभेद, महिला अधिकार, मानव अधिकार, घरेलु हिंसालगायतका बिषयमा छलफल गरिएको भूमे गाउँपालिका महिला कल्याण तथा बालबालिका इकाई प्रमुख धनिषा पुन मगरले बताउनु भयो।

महिलामाथि हुने शोषण, अत्याचार विरुद्ध लड्न र महिलाहरुलाई सक्षम बनाउन तालिम दिइएको पुनको भनाई छ। महिलाहरुको क्षमता विकासमा सहयोग पु-याउन यसअघि पालिकाको वडा नं. ८ र ९ मा यस्तै तालिम सञ्चालन गरिएको पुनले बताउनु भयो।

वडा नम्बर ३ का अध्यक्ष पर्शुराम बुढाको अध्यक्षतामा भएको महिलाहरुको क्षमता विकास तालिमको सञ्चालन धनिसा पुनले गर्नुभएको थियो।

# गिभिनाले दिइन् काँडाका विद्यार्थीलाई शैक्षिक सामग्री



❖ **बालाराम शेर्पाली**

भूमे गाउँपालिका वडा नं ४ जनशक्ति मावि काँडाका विद्यार्थीलाई सामाजिक अभियन्ता गिभिना मगरले शैक्षिक सामग्री सहयोग गर्नुभएको छ। अभियान्ता मगरले बालबिकासदेखि कक्षा ९ सम्म प्रथम, दोस्रो र तेस्रो हुने ३० जना विद्यार्थी लगायत ८० विपन्न परिवारका बालबालिकालाई कापी र कलम सहयोग गर्नुभएको हो। त्यस्तै, बाल बिकासदेखि ४ कक्षा सम्मका विद्यार्थीलाई पेन्सिल, कापी र इलेजर सहयोग गर्नुभयो।

त्यस्तै कक्षा ९ र १० का बिद्यार्थीलाई नगद चार हजार प्रदान गरिएको छ। गिभिनाले काँडा माविका विद्यार्थीहरुका लागि मात्रै ३५ हजार बराबरको सहयोग गर्नुभएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार बुढाले जानकारी दिनुभयो। समाजसेवीका रुपमा सामाजिक सञ्जाल टिकटक, फेसबुक तथा युट्युबमा चर्चित गिभिनाले विपन्न, असहाय र बेसहारा बालबालिका एवं वृद्ध बाआमाहरुलाई सहयोग गर्दै आउनुभएको छ।

यसैबीच सामाजिक अभियन्ता गिभिना मगरलाई जनशक्ति मावि काँडा र भूमे गाउँपालिका वडा नं ४ को तर्फबाट अभिनन्दन गरी मायाको चिनो पनि प्रदान गरेको छ। विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजकुमार बुढाको अध्यक्षतामा भएको कार्यक्रममा भूमे गाउँपालिका ४ का अध्यक्ष श्यामप्रसाद बुढा, वडा सचिव दुर्गा पुन, शिक्षक कमलजङ्ग बुढा लगायतले बोल्नुभएको थियो। कार्यक्रमको सञ्चालन शिक्षक प्रेमबहादुर सुनारले गर्नुभएको थियो।



# मगरहरुको भूमि

**रुकुम (पूर्व)को भूमे गाउँपालिकाको प्राकृतिक सम्पदा, मगर संस्कृति र ग्रामीण जीवनशैलीले लोभ्याउँछ। त्यहाँ युद्ध पर्यटन फस्टाउन सक्छ। जनमुक्ति सेनाको तालिम स्थल, बंकर, जनवादी स्कूललगायत सम्पदा संरक्षण गरेर माओवादी जनयुद्धको इतिहास बुझ्ने थलोका रुपमा भूमेको विकास गर्न सकिन्छ।**

**❖ अमृत भादगाउँले**

मगरहरू भूमि (प्रकृति)को पूजा गर्छन्। उनीहरु असार पहिलो साता धुमधामसँग भूमे पर्व मनाउँछन्। फसल राम्रो लागोस्, सबै निरोगी होऊन्, प्राकृतिक प्रकोप नपरोस् र समाजमा सद्भाव कायम होस् भनेर भूमे पर्व मनाइन्छ।

रोल्पा-रूकुमका मगर समुदायको सबैभन्दा ठूलो चाड हो-भूमे। भेडा, कुखुरा र सुँगुरको बलि चढाएर बल पूजा गरिन्छ। त्यसपछि भूमे नाच शुभारम्भ हुन्छ। त्यस्तै भूमे पर्वमा रमाउने एउटा गाउँपालिका हो भूमे जुन पूर्वी रूकुममा पर्छ।

साबिकको रूकुमलाई सरकारले ०७२ असोजमा रुकुम (पूर्व) र रुकुम (पश्चिम) जिल्लामा बाँडेको छ। रूकुम पूर्वको भूमे गाउँपालिकामा साविकका काँक्री, महत, चुनबाङ, मोराबाङ, काँडा र रुकुमकोट गाविस-४ को भुगोल समेटिएको छ।

जनगणना ०७८ अनुसार भूमे गाउँपालिकाको संख्या १९ हजार ८२९ छ। त्यहाँका मगर समुदायको मातृभाषा मगर खाम हो।

गाउँपालिकामा प्रकृतिपूजकको बाहुल्यता भएकाले यसको नाउँ 'भूमे गाउँपालिका÷ राखिएको हो। भूमे पर्व मनाउन गाउँपालिकामा स्थानीय सरकारले जेठ मसान्त र असार १ गते सार्वजनिक बिदा दिन्छ ।

गाउँलेहरू कृषि र पशुपालनमा निर्भर छन्। त्यसबाहेक वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्स नै आम्दानीको मुख्य श्रोत हो। जडीबुटीको पनि राम्रो भण्डार हो भूमे।

रूकुम (पूर्व)को भूमे गाउँपालिकाको प्राकृतिक सम्पदा, मगर संस्कृति र ग्रामीण जीवनशैलीले लोभ्याउँछ। त्यहाँ युद्ध पर्यटन फस्टाउन सक्छ। जनमुक्ति सेनाको तालिम स्थल, बंकर, जनबादी स्कूल लगायत सम्पदा संरक्षण गरेर माओवादी जनयुद्धको इतिहास बुझ्ने थलोका रुपमा भूमेको विकास गर्न सकिन्छ।

गाउँलेहरु फरासिला र मिहेनेती छन्। भूमेमा ग्रामीण जीवनशैलीको सुवास पाइन्छ। घरैपिच्छे

जाँतो छन्। खोलाको पानीले घट्ट चल्छन्। अग्र्यानिक परिकार पाइन्छ।

गाउँपालिकामा जननिर्वाचित प्रतिनिधि आएपछि यसलाई पर्यटकीय गन्तव्य बनाउने अभियान सुरू गरिएको छ। भूमेलाई पर्यटकीय गाउँपालिका बनाउन सकिने आधार छन्। प्रशस्तै प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदा छन्।

राम्रो पूर्वाधार विकास गरेर मार्केटिङ गर्न सके पर्यटकीय चहलपहल गराउन सकिन्छ। केही गाउँमा खान÷बस्न सामान्य होटल छन्। कतिपय ठाउँमा होमस्टे पर्यटनको अभ्यास गर्न सकिन्छ।

मध्य पहाडी भुगोल भएकाले हरिया डाँडापाखामा डुल्न पाइन्छ। उकाली ओरालीमा पसिना चुहाउँदै, कृषिकर्म गरेको हेर्दै हिंड्न सकिन्छ। वनजंगल, नदीनाला, झरना, चराचुरुङी र जंगली जनाबरको विविधता भेटिन्छ गाउँमा। भूमेबाट सिस्ने, पुथा र धौलागिरिको हिमालको दर्शन गर्न सकिन्छ।

मारिङ, गुराँसे, तिलाचन दह, पातीहाल्ने डाँडा, गोन्टे झरना, सेपेको जंगल, तीन बहिनी लेक आदि आकर्षक सम्पदा हुन्। चुनबाङमा मैना सन्धी गुफा छ। गाउँमा सयु फूल टिप्ने लेक र सिद्ध थान छन्। तीन बहिनी लेक पनि धार्मिक सम्पदा हो। झुम्लाबाङ सिरानको तीर्थस्थल चम्बाङमा गुफा, कुटीको भग्नावशेष र यज्ञ कुण्ड छन्।

सेराबाङ, काँडा र झुम्लाबाङ क्षेत्रमा तामाखानी छ। डोङडुङे खानी २०५१ सालसम्म चलेको गाउँलेहरु बताउँछन्। तिनताका गाउँको आरनमा गाग्री, ताउलो र अम्खोरा लगायत भाँडा बनाइन्थ्यो। पहिले पहिले यहाँबाट तामा झिकेर भाँडावर्तन बनाइन्थ्यो। तामा खानी पनि पर्यटन प्रोडक्ट बन्न सक्छ।

मगर समुदाय सांस्कृतिक रुपमा पनि सबल छ। गाउँ-गाउँमा झाँक्री, भूमे, डिग्रे, फाँक, ढङ्गे, तान्त्रिक नचारु लगायत नाच नाचिन्छ। घुमन्तेहरुको आग्रहमा गाउँलेहरुले नाच देखाउँछन्। त्यसका



लागि निश्चित रकम तिर्नुपर्छ।

लुकुमले झाँक्री गाउँको चिनारी बनाएको छ। त्यस भेकका ९० झाँक्रीमा ३० जना महिला छन्। मंसिर र साउन महिनामा झाँक्री मेला लाग्छ। झाँक्रीलाई पर्यटकीय प्रोडक्ट बनाउन सकिन्छ। अचेल फ्रान्स, जर्मनलगायत केही देशका पर्यटक झाँक्रीको अध्ययन गर्न रुचाउँछन्। झाँक्रीका मेला लक्षित गरेर पर्यटक तान्न सकिन्छ।

भूमे जैविक विविधता र संस्कृतिको खुला संग्रहालय हो। काँक्री गाउँमा २०७० सालमा




आदिवासी जनजाती संग्रहालय खोलिएको छ जहाँ मगर जीवनशैलीको झलक भेटिन्छ। त्यहाँ भाँडावर्तन, गहना लगायत सामान सजाइएको छ।

भूमे गाउँपालिकाले जोड दिनुपर्ने अर्को विषय हो युद्ध पर्यटन। जनयुद्धकै पहिलो महिला सहिद भूमे गाउँपालिका-७ गुनामकी धनमाया रोका श्रेष्ठ हुन्। उनी २०५२ चैत ५ गते राज्यपक्षबाट मारिएकी थिइन्। उनको नाउँमा पार्क बनाइएको छ। त्यहाँ जनयुद्धसँग जोडिएका थुप्रै ठाउँ छन्। भेरिडाँडा चुनबाङमा संग्रहालय छ। चुनबाङ बैठकबाट माओवादी शान्ति प्रक्रियामा आएको थियो। २०६२ असोज/कात्तिकमा भएको बैठकले लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा तय गरेको थियो। भेरिडाँडाको बैठकस्थलमा जनयुद्ध संग्रहालय बनेको छ। त्यतिबेला माओवादीका सुप्रिम कमाण्डर प्रचण्ड बसेको घर र बैठक घरमा जनयुद्धको पहिचान दिने सामग्रीहरु राखिएको छ।

त्यसैगरी महतमा गौतम बुद्धको मूर्ति राखिएको छ। दश वर्ष लामो युद्ध नजिकबाट भोगेका जनता शान्ति मार्गबाटै समृद्धिको यात्रा तय गर्न चाहन्छन्। महतमा युद्ध स्मारक पनि छ। त्यसमा तत्कालीन नेपाल प्रहरीका डिएसपी ठूले राईलाई माओवादीले कब्जामा लिएको दृश्य झल्काइएको छ। उनलाई ५ असोज २०५६ मा कब्जामा लिइएको थियो। पछि पत्रकार तथा मानव अधिकारकर्मीहरुको रोहबरमा रिहाइ गरिएको थियो।

जनयुद्धका बेला महत गाउँका ५८ जना सहिद भएका थिए। त्यहाँ बस्ती माथि बंकर छ। तिनताका छापामारहरूले प्रतिरक्षाका लागि बंकर बनाएका थिए। यसलाई तालिम केन्द्रका रुपमा प्रयोग गरिएको थियो।

महतजस्तै लुकुममा पनि माओवादी जनसेनाको तालिमस्थल थियो। अर्को गाउँ क्याङसीमा पनि छापामार तालिम स्थल छ। त्यहाँ जनवादी



विद्यालय पनि चलाइएको थियो। क्याङसीमा स्थानान्तरण हुनुअघि यो विद्यालय अन्यत्र दुई ठाउँमा सारिएको थियो। सहिद, जनयुद्धका छापामार र घाइतेका सन्तानलाई पढाउन सुरुमा २०६१ फागुन १ गते प्वाङको छिपखोलामा खोलिएको थियो विद्यालय।

त्यसलाई ०६२ सालमा क्याङ्सीमा सारियो । र, पछि सरकारी विद्यालयसँग २०६६ मा मर्ज गरियो। छापामारलाई पढाइएको भवनमा अचेल सरकारी विद्यालयका शिक्षक बस्छन्। त्यसको एउटा कोठामा त्यतिबेलाका पाठ्यपुस्तक र कम्प्युटर लगायत शैक्षिक सामग्री छन्।

भूमे गाउँपालिकामै पर्ने लाबाङ गाउँ पनि माओवादीकै कारण चर्चामा आएको हो। जनयुद्ध तयारी क्रममा लाबाङको गोहाङ, गुनामको खुङमा ०५०/०५१ सालमा सैन्य तालिम गरिएको थियो। र, माओवादीको अन्तरसंघर्षमा पोलिटव्यूरो बैठकले डा. बाबुराम भट्टराईलाई कारबाही गर्ने निर्णय लाबाङ बैठकमै गरिएको थियो। त्यही क्षेत्रको मारिङमा युद्धकालमै २३ रोपनी जमीनमा सामुहिक खेती गरिएको थियो।

माओवादीको तालिमस्थल, बंकर, जनवादी स्कूलगायत सम्पदा संरक्षण गरेर जनयुद्धको इतिहास बुझ्ने थलोका रुपमा भूमे गाउँपालिकाको विकास गर्न सकिन्छ।

पछिल्लो समय विकास गरिएको गुरिल्ला पदमार्गमा जोडिन्छ भूमे। मुलुकमा गणतन्त्र स्थापना भएपछि जनयुद्धको उद्गम थलोमा पर्यटन प्रवद्र्धन गर्न गुरिल्ला पदमार्ग एक्सप्लोर गरिएको हो। रुकुम, रोल्पा, म्याग्दी र बाग्लुङलाई जोडेर बनाइएको मध्य पहाडी क्षेत्रको पदमार्ग विदेशी माझ स्थापित छ।

चेञ्जिङ नेपालले गुरिल्ला पदमार्ग प्रवद्र्धन गरिरहेको छ। गुरिल्ला पदमार्गमा माओवादी जनयुद्धका कथा/व्यथा त सुनिन्छ नै। साथमा प्रकृति र संस्कृतिको मिठो संगम पनि भेटिन्छ, पर्यटनविज्ञ सुरेन्द्र राना भन्छन्, साथै हिजोका छापामारसँग भेटेर भलाकुसारी पनि गर्न सकिन्छ।

पदमार्गमा गुरिल्लाहरुले बनाएका बाटा, पुल, स्मारक, चौतारा, उनीहरु हिँडेका गोरेटा र बास बसेका घरसँग साक्षात्कार गर्न सकिन्छ।

समग्रमा द्वन्द्वको प्रभाव र जनयुद्ध अध्ययन गर्न चाहनेका लागि गुरिल्ला पदमार्ग खुल्ला पाठशाला हो। द्वन्द प्रभावित स्थलहरुको सौन्दर्यलाई पर्यटकीय गन्तव्यका रुपमा व्यवस्थापन गरी स्थानीयको आर्थिक, सामाजिक, सांस्कृतिक विकास गरी शान्ति र समृद्धि कायम गर्न गुरिल्ला पदमार्गले सघाउ पु-याउन सक्छ। अब भूमे जस्ता गाउँपालिकाले शान्ति मार्गबाटै आर्थिक समृद्धिको भ-याङ चढ्न सक्छन्। त्यसमा पर्यटन भरपर्दो माध्यम बन्न सक्छ। त्यसैले गाउँपालिकाले राम्रो ब्राण्डिङ गरेर भूमेलाई पर्यटन बजारमा पस्कनै पर्छ।

*नागरिकन्यूज डटकमबाट*



**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. राष्ट्रिय जनशक्ति नीति-२०८० अनुसार विसं २०९० (आगामी दशक) सम्ममा सेवा क्षेत्रमा करिब कति जनशक्ति आवश्यक पर्ने प्रक्षेपण गरिएको छ ?

≅ **८४ लाख** (सो नीतिअनुसार कृषिमा विसं २०८० मा एक करोड तीन लाख ५४ हजार र २१०० सम्ममा ७६ लाख ६१ हजार मात्रै जनशक्ति आवश्यक पर्ने अनुमान। कृषिमा अनुमानित जनसङ्ख्या घट्दो क्रममा रहेको सरकारी प्रक्षेपण रहेको। उद्योगमा क्रमशः विसं २०८० मा ३० लाख २४ हजार र विसं २०२१ मा ५५ लाख ३० हजार जनशक्ति आवश्यक पर्ने अनुमान रहेको।)

२. चीन-दक्षिण एसियाली गरिबी उन्मूलन र सहकारी विकास केन्द्रको स्थापना कहिले भएको हो?

≅ **सन् २०२१ जुलाई ८** (गरिबी निवारणमा मिलेर कार्य गर्ने उद्देश्यका साथ स्थापना भएको यस सङ्गठनमा चीन एवं दक्षिण एसियाका पाँच राष्ट्र (नेपाल, बङ्गलादेश, पाकिस्तान, अफगानिस्तान र श्रीलङ्का) रहेका छन्।)

३. सबैभन्दा अग्लो स्थानमा निर्मित सबस्टेसन कुन हो ?

≅ **३३-११ केभीको स्यार्कु सबस्टेसन, (मनाङ)** लमजुङको मर्स्याङ्दी गाउँपालिका-५, चिप्लेबेंसी सबस्टेसनबाट २९ किलोमिटर टाढा ३३ केभी लाइनमार्फत् २७०० मिटर उचाइमा निर्माण गरिएको मनाङको स्यार्कु सबस्टेसन सञ्चालनमा ल्याइएको। २०७८ असारमा वर्षासँगै आएको बाढीले मनाङको विद्युत् संरचनाको पूर्वाधार तथा सडक सञ्जालमा ठूलो क्षति भएको थियो।)

४. कुन राष्ट्रले विश्वको पहिलो स्वच्छ वाणिज्य आणविक रिएक्टर बनाउन लागेको हो ?

≅ **चीन**

५. नेपालमा डिजिटल भिसा प्रणालीको सुरुवात कहिलेदेखि भएको हो?

≅ **विसं २०७८ असार १४**

६. सन् २०२३ मा आयोजना हुने साफ च्याम्पियनसिपमा दक्षिण एसियाली क्षेत्र बाहिरबाट सहभागी हुने राष्ट्र कुन कुन हुन् ?

≅ **कुवेत र लेबनान** (भारतको बेङ्गलुरुमा सन् २०२३ जुन २१-जुलाई ४ सम्म आयोजना हुने। सहभागी राष्ट्रः भारत, नेपाल, माल्दिभ्स, पाकिस्तान, भुटान, बङ्गलादेश, कुवेत र लेबनान। दक्षिण एसियाली देशहरूबिचको प्रतियोगितामा प्रतिस्पर्धा स्तर बढाउन भन्दै आमन्त्रित टिमहरूलाई सहभागी गराउने नीति साफले लिएको। माल्दिभ्समा सन् २०२१ मा भएको १३ औं साफ च्याम्पियनसिपमा नेपाल उपविजेता बनेको थियो।)

७. आयात-निर्यात कार्यलाई सहज बनाउन सञ्चालनमा ल्याइएको पोर्टल कुन हो ?

≅ **नेपाल ट्रेड (नेपाल सरकारद्वारा ल्याइएको)**

८. इमेल प्राप्त गर्ने र इमेल पठाउने सफ्टवेयर प्रोग्रामलाई के भनिन्छ ?

≅ **ब्राउजर**

*संकलन- टंक के.सी. गोरखापत्र दैनिकबाट साभार*

# गहुँको बालीमा लाग्ने रोग र व्यवस्थापनका उपाय



**स्वतन्त्र राज चौधरी**

### गहुँको बालीमा लाग्ने रोगहरु

- **सिन्दुरे**
  - पहेंलो सिन्दुर ( **Yellow or Stripe rust): *Puccinia striiformis f.sp tritici***
  - कालो सिन्दुरे ***(Black or stem rust): P. graminis tricti***
  - खैरो सिन्दुरे ***(Brown Rust): P. recondita***
- **डढुवा (Blight Complex) : *Dreschlera tritici repentis, Alternaria triticina*)**
- करनालको गन्हाउने काले पोक ( **Karnal Bunt of wheat):*Tilletia indica* or *Neovessia indica*)**
- पहाडको गन्हाउने काले पोक ( **Hill bunt): *Tellitia carries, Tellitia foitida*)**
- धुलो ढुसि **(Powdery Mildew): *Erysiphi graminis***
- खुल्ला काले पोक **(Loose Smut): *Ustilago nuda tricti***
- इएर कोकल **( Ear Cocle): *Anguina tritici***
- दानाको टुप्पाको सडन **(*Bipolari sorokoniana*): *Helminthosporioum, Fusarium, curvularia, Aspergillus, Penicillium* )**
- फेद र जाराको सडन **( Foot and root rot): *Bipolaris, Pythium, Fusarium nygami, Sclerospar rolfsii, Rhizoctonia solani*)**

### गहुँको पहेंलो या धर्से सिन्दुरे रोग

- पक्सिनिया स्ट्राईफामिएस **(*puccinia striiformis f.sp tritici*)** नामक ढुसीद्वारा उत्पन्न हुन्छ।
- गहुँको पहेंलो या धर्से सिन्दुरे रोग नेपालको पहाडी भेकको अति हानिकारक रोग मानिएको छ।

- बेला बेलामा यो रोगको प्रकोप महामारीको रुपमा हाल पहाडी भेकमा लगाइने गहुँको जातहरु आर-आर २१ र नेपाल २९७ मा रोग बढी लाग्ने हुनाले गहुँको उत्पादनमा निकै ह्रास आएको छ।
- गहुँको उत्पादनमा ३० प्रतिशत भन्दा बढी नोक्सानी पु¥याएको पाइए तापनि देशमा सालाखाला औसत २० प्रतिशतसम्म नोक्सानी पु¥याएको छ।

**रोगको लक्षण**



- पात को माथिल्लो सतह मा लाम्चिलो र पहेंलो फोकाहरु एक अर्कासँग मिली लामो पहेंलो धर्सा जस्तो लक्षण देखिन्छ। त्यसैले यो रोगलाई पहेंलो या धर्से सिन्दुरे भनिएको हो।
- सानो अवस्थाको बोटहरुमा भने लाम्चिला तथा पहेंला फोकाहरु छुर्पुट्ट भएर रहेको पनि देखिन्छ।



- यसै लतर सानो पातमा लाग्ने भए तापनि कहिलेकाही पातको तल्लो भाग (Leaf Sheath) र दाना ढाक्ने (Glume) तथा टुँडा (Awn).
- रोगको प्रकोप ज्यादा भएमा पूरा बोट नै पहेंलो भई टाढैबाट गहुँ लगाइएको खेत-बारी पहेंलो भएको देखिन्छ।
- रोगको बीजाणुहरु कहिले कहीं गेडा र भुसको बीचमा बृद्धि भई रहेको हुन्छ।
- रोग अत्याधिक लागेमा पातहरु सुकी गहुँको गेडा नै चाउरिएर जीरा जस्तो सानो हुन्छ। बेर्ना अवस्थामा रोग धेरै लागेमा बोट बढ्न नसकी दाना लाग्न पाउँदैन र रोगीबोटहरु मर्दछन्।

**रोगको जीवनचक्र**

- यो हावाबाट सर्ने रोग हो। हिउँदे गहुँ खेती समाप्त भए पछि रोगको बीजाणुहरु आफैं उम्रिएका गहुँहरुमा वा बाह्रै महिना लगाइने गहुँ बालीमा र विभिन्न घाँसहरुमा बृद्धि हुन्छन्।
- अर्को वर्ष गहुँ बालीमा उक्त सिन्दुरेको बीजाणुहरु हावाले उढाई टाढा-टाढा सम्म पु¥याउँदछ। पछि उपयुक्त तापक्रम र आद्र्रता भएको बेलामा र बढी रोग लाग्ने जातका गहुँहरु खेतबारीमा लगाइएका छन् भने रोगको बृद्धि हुन्छ।
- रोग बृद्धिको लागि नेपालमा तापक्रम र आद्र्रताले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ।
- तापक्रम २० डिग्री सेन्टीग्रेड भएको र धेरै शीत पर्ने या धेरै दिन बादल लागी आकल-झुकल सिमसिमे पानी पर्ने ठाउँमा रोगको बृद्धि बढी हुन्छ । यही कारणले गर्दा तराई र उच्च पहाडमा भन्दा मध्ये पहाड, तल्लो पहाड र छेउछाउका भेकमा रोगले उग्ररुप लिएको पाइएको छ।

### रोग नियन्त्रण गर्ने विधि

- रोग अवरोधक जातहरु लगाउने यो सबैभन्दा सरल र सस्तो उपाय हो। केही वर्ष अगाडि पहाडको लागि सिफारिश गरिएको गहुँ **अन्नपूर्ण-१, अन्नपूर्ण-२** र **अन्नपूर्ण-४** जातहरुमा पहेंलो सिन्दुरे निकै लागेतापनि हाल यी जातहरुमा रोग कम लाग्दछ।
- हाल मध्य पहाड, काठमान्डौं उपत्यकाको लागि **डब्लु.के. १२०४** धेरै फल्ने र रोग अवरोधी गुण भएको पाईएको छ। त्यस्तै **पासाङ ल्हामु**मा पनि करिब १५ वर्षयतादेखि रोग न्युन वा नलागेको पाइएको छ।
- तल्लो पहाडी भेक तथा नदीको छेउ छाउमा गौतम जातको गहुँमा रोग कम या नलागेको पाइएको छ। नयाँ जातहरुमा **Wk1182, BL3235 & BL3503** मा रोग धेरै कम वा नलाग्ने अवरोधी गुण पाइएको छ।
- हाल गरिएको परिक्षण अनुसार बायलेटन अथा **प्लान्टभ्याक्स-२०** नामक विषादीले यो रोग निकै हद सम्म नियन्त्रण गरेको पाइएको छ। अझ **प्लान्टभ्याक्स** भन्दा बायलेटन विषादी बढी प्रभावकारी छ।
- **बायलेटन ५००** ग्राम प्रति हेक्टरको दरले ८०० देखि १,००० लिटर पानीमा मिसाई करिब १५ दिनको फरकमा १-२ पटक -२ पटक छर्नाले रोग पुरै नियन्त्रण भएको पाइएको छ।
- उचित मात्रामा मलखादको प्रयोग
- रोप्ने समयको हेरफेर

### डढुवा रोग

- यो रोग मुख्यतः बाइपोलारिस **सोरोकिनियाना** ***(Bipolaris sorokiniana)*** र **ड्रेसलेरा ट्रिटिसाई-रिपेन्टिस** ***(Drechslera tritic-repentis)*** नामक ढुसीहरु। डढुवा रोग गहुँ बालीमा लाग्ने मुख्य रोग हो।
- विशेष गरि यो तराई क्षेत्रमा लाग्ने रोग भएतापनि हाल आएर पहाडको बेसी/तल्लो भाग, भित्री मधेशमा पनि बढ्दै गएको छ । यो रोग तराईको तुलनामा पहाडी भेगमा कम पाइएको छ। **आर.आर २१** र **यु.पी २६२** जातहरुमा यो रोगको प्रकोप बढी हुन्छ।
- यो रोग लागेमा गहुँको उत्पादनमा करिब २० देखि ३० प्रतिशतसम्म कमी हुन्छ।

### रोगका लक्षण

- पातमा सानो सानो खैरो वा कालो रंगका थोप्लाहरु देखिन्छन् र पछि गएर यी थोप्लाहरु अण्डाकारमा बदलिन्छन्।
- यस्ता थोप्लाहरुको केन्द्र हल्का खैरो हुन्छ र वरिपरि पहेंलो हुन्छ।
- बढी आक्रमण भएको खण्डमा थोप्लाहरु आपसमा जोडिन्छन् र पातलो ठूलो भाग ओगटी पात पुरै डढ्दछ।
- डाँठमा पनि माथि उल्लेख गरिए जस्तै लक्षणहरु देखा पर्दछ।
- मुख्य जरा **(sub-crown internode)** पनि पुरै कालो हुने अथवा यसमा स-साना दागहरु देखिन्छन्। मूल जरा बाहेक सहायक जराहरुमा पनि कालो अथवा खैरा दागहरु देखिन्छन्। मूल जरामा रोग लाग्दा बोट होचो हुने र कम गाँजिने हुन्छ।
- रोग धेरै लागेमा दाना चाउरिने र कहिलेकाँही बीउको टुप्पा कालो हुन्छ। यस्ता रोगी बीउ हलुका हुन्छन् र तौल कम हुन्छ।

### रोगचक्र

- यो रोग माटो र बीउबाट वर्ष फैलिने गर्दछ।

- गहुँ उम्रेपछि त्यसको बीउमा भएको ढुसीहरुले जरा र बेर्नालाई आक्रमण गर्दछ। शुरु शुरुमा रोग विस्तारै बढ्छ र गहुँ पसाएपछि फाल्गुन महिनामा बढ्दो तापक्रमको साथसाथै रोगको वृद्धि पनि छिटो हुँदै जान्छ।
- रोग अत्याधिक लागेमा ढुसी माथिल्लो (झण्डे) पातसम्म फैलिएर बालाको टुँडा हुँदै बीउसम्म पुग्दछ।
- यस बाहेक केही जातका झारहरु (रगतेझार) मा पनि रोगको जीवाणुहरु बृद्धि भई हरेक वर्ष रोग ल्याउन मद्दत पु¥याइरहेको हुन्छ।

**रोग नियन्त्रण**

**१. रोगी बीउ नलगाउने**

- धेरै रोग लागेको बालीबाट बीउ नराखे। बीउबाट पनि यो रोग सर्ने हुँदा सकेसम्म धेरै रोग लागेको खेतबाट उत्पादन गरिएको बीउको प्रयोग नगर्ने ।
- रोग कम लाग्ने क्षेत्रहरुमा बीउ बृद्धि कार्यक्रम सञ्चालन गरि बीउ उत्पादन गर्ने ।

**२. बीउ उपचार**

- यदि बीउमा धेरै बाइपोलारिसको आक्रमण देखिएमा बीउ उपचार गर्नु उपयुक्त हुन्छ । भाइटाभ्याक्स-२०० नामक ढुसीनासक विषादी २ देखि २.५ ग्राम प्रति के.जी.
- बीउमा भएको जीवाणु नियन्त्रण भई बीउको उमार शक्ति पनि बढ्छ
- बीउ उपचार गर्दा बीउमा भएको ढुसी माटोमा फैलन पाउँदैन र माटोमा भएको ढुसीले पनि बीउ तथा बेर्नालाई रोग लाग्नबाट जोगाउँछ ।
- बीउ उपचार गर्दा जरा राम्रो बृद्धि हुनाले साथै बोट दह्रो हुन्छ।

**३. खेती प्रणालीमा सुधार**

**क) गहुँ ठीक समयमा लगाउने**

- गहुँ धेरै चाँडो अथवा ढिला लगाउँदा रोगको प्रकोप धेरै हुन्छ।
- मंसिर **(November 30)** भित्रमा गहुँ रोप्नु उपयुक्त हुन्छ।
- चिस्यान तथा अन्य कारणले कृषकहरुले पौषको दोस्रो साता सम्म रोप्न बाध्य भएमा रोगको प्रकोप बढ्ने र उत्पादनमा कमी आउँछ।

**ख) सन्तुलित मलखाद प्रयोग**

- प्रायः जसो किसानहरुले युरिया र डी.ए.पी. अर्थात् नाइट्रोजन र फस्फोरसयुक्त मल बढी प्रयोग गर्छन् भने पोटासको प्रयोग गर्दै नगर्ने र केहि किसानहरुले कम मात्र प्रयोग गर्छन्। नाईट्रोजनयुक्त मल मात्र हाल्दा रोगको प्रकोप धेरै बढ्छ भने पोटास मल हाल्दा रोगको प्रकोप घट्नुका साथै दाना पोटिलो भई उत्पादन बढ् । गहुँ रोप्ने समयमा नाईट्रोजन, फस्फोरस मलको अलावा २.५ के.जि. म्युरेटअफ पोटास प्रति रोपनीका दरले हाल्दा रोगको प्रकोप कम हुन्छ।
- साथै कम्पोष्ट मलको प्रयोग पनि यो रोको प्रकाप घट्छ।

**४. रोग अवरोधी जातको प्रयोग**

- यू.पी. २६२ र आर.आर. २१ मा रोग धेरै लाग्छ भने अच्यूत, रोहिणी, भृकुटी, गौतममा रोग कम लाग्छ।
- त्यसैले समय समयमा सिफारिस भएको रोग कम लाग्ने नयाँ नयाँ जातहरु लगाउने।

**५. ढुसीनासक विषादीको प्रयोग**

- टिल्ट **(propiconazole)** नामक विषादी ०.५ लि. प्रति हेक्टर छर्दा रोग नियन्त्रण हुन्छ।

*(लेखक चौधरी भूमे गाउँपालिकाको कृषि प्रसार अधिकृत हुनुहुन्छ।)*

**गणतन्त्र दिवसका अवसरमा भूमे गाउँपालिकाले महतस्थित स्याण्ड मोडेलमा आधारित युद्ध फिचर र बुद्ध शान्ति स्मारक पुगेर विविध कार्यक्रम गरी मनाइएको छ। गणतन्त्र दिवसका केही झलकहरुः**











